## भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७

**प्रस्तावनाः**

भूमे गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र धितो राखेर बिना ब्याजमा ऋण दिई उच्च शिक्षा अध्ययनमा गाउँपालिकाकोतर्फबाट सुविधा दिने सम्बन्धमा निर्देशिका बनाइ कार्यान्वयन गर्न बाञ्छनीय भएकाले भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट यो निर्देशिका पारित गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. **संक्षिप्त नामः** यो निर्देशिकाको नाम "भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७" रहनेछ ।

१.२. **"शैक्षिक ऋण"** भन्नाले यस निर्देशिकाको परिच्छेद २ बमोजिम दिइने शैक्षिक ऋणलाई सम्झनुपर्दछ ।

१.३. **"निर्देशिका"** भन्नाले भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका, २०७७ लाई सम्झनुपर्दछ।

१.४. **"गाउँपालिका"** भन्नाले भूमे गाउँपालिकालाई सम्झनुपर्दछ ।

१.५. **"वडा कार्यालय"** भन्नाले भूमे गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ ।

१.६. **"विद्यार्थी"** भन्नाले यस निर्देशिकाको प्रस्तावनामा उल्लेख भए बमोजिमका विद्यार्थीलाई सम्झनुपर्दछ ।

१.७. **"आर्थिक प्रशासन शाखा" भन्नाले भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्दछ ।**

१.८. **"परिवार"** भन्नाले एकाघरमा बस्ने र एउटै भान्छामा र छतमूनि बसेको परिवारका सदस्यलाई सम्झनुपर्दछ ।

**२. शैक्षिक ऋण सम्बन्धी व्यवस्थाः**

२.१. भूमे गाउँपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले अधिकतम् रु. ५,००,०००।— (पाँच लाख रुपैयाँ) सम्म ऋण प्रदान गर्न सक्नेछ ।

२.२. शैक्षिक ऋण माग गर्ने विद्यार्थीले अध्ययन गर्ने शैक्षिक संस्था नेपाल सरकारको स्वीकृति प्राप्त वा नेपाल सरकारबाट मान्यताप्राप्त हुनुपर्नेछ ।

२.३. यस निर्देशिका अनुसार दिइने शैक्षिक ऋण प्राविधिक शिक्षातर्फको लागि मात्र दिइनेछ ।

**३. शैक्षिक ऋण माग गर्ने प्रक्रियाः**

३.१. शैक्षिक ऋण माग गर्ने विद्यार्थीले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

३.२. वडा कार्यालयमा शैक्षिक ऋण मागका लागि निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले अनुसूची २ बमोजिम शैक्षिक कर्जाका लागि गाउँ कार्यपालिकाको कार्यालयसमक्ष सिफारिस गर्नुपर्नेछ ।

**३.३.** ३.२ बमोजिम प्रक्रिया पूरा गरी शैक्षिक ऋणका लागि निवेदन प्राप्त भएपछि गाउँपालिका अध्यक्षले शैक्षिक ऋण सम्बन्धी प्रस्ताव स्वीकृत गर्न वा कार्यपालिका बैठकमा पेश गर्न सक्नेछ ।

**३.४.** शैक्षिक ऋण सम्बन्धी प्रस्ताव स्वीकृत भएपछि आर्थिक प्रशासन शाखाबाट तोकिए बमोजिमको शैक्षिक ऋण उपलब्ध गराइनेछ ।

**४. शैक्षिक ऋणको सीमा र शर्तहरुः**

**४.१.** यस निर्देशिका बमोजिम उपलब्ध गराइने शैक्षिक ऋण रकमको सीमा रु. ५,००,०००।— (पाँच लाख रुपैयाँ) सम्म हुनेछ ।

**४.२.** यस निर्देशिका बमोजिम उपलब्ध गराइने शैक्षिक ऋण एक परिवारको एक सदस्यलाई मात्र उपलब्ध गराइनेछ।

**४.३.** स्वीकृत शैक्षिक ऋण रकम एकमुष्ट वा किस्तामा सम्बन्धित शिक्षण संस्थालाई उपलब्ध गराइनेछ ।

**४.४.** उपलब्ध गराइएको ऋण वापतको रकम निवेदकले अध्ययनको क्रममा दुरुपयोग गरेको खण्डमा वा अन्य कार्यमा प्रयोग गरिएको खण्डमा उपलब्ध गराउनुपर्ने किस्ताको रकम रोक्का राखी दफा ५ बमोजिम कारबाही गरिनेछ ।

**५. शैक्षिक ऋणको साँवा ब्याज असुलीः**

**५.१.** यस निर्देशिका बमोजिम शैक्षिक ऋण लिएका विद्यार्थीहरुले आफूले लिएको ऋण रकम देहाय बमोजिम भूमे गाउँपालिकालाई चुक्ता गर्नुपर्नेछ ।

**५.१.१.** शैक्षिक कोर्ष पूरा गरेको एक वर्षभित्र कूल साँवाको २५ प्रतिशतले हुन आउने रकम

**५.१.२.** शैक्षिक कोर्ष पूरा गरेको दुई वर्षभित्र कूल साँवाको ५० प्रतिशतले हुन आउने रकम

**५.१.३.** शैक्षिक कोर्ष पूरा गरेको तीन वर्षभित्र कूल साँवाको ७५ प्रतिशतले हुन आउने रकम

**५.१.४.** शैक्षिक कोर्ष पूरा गरेको चार वर्षभित्र कूल साँवाको शत प्रतिशतले हुन आउने रकम

**५.२.** उपरोक्त समयावधिभित्र ऋण नतिरेमा साँवाको ५ प्रतिशत हर्जना गरी विद्यार्थी र निजको साक्षी बसेका एकापरिवारका सदस्यलाई गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु बञ्चित गर्नुका साथै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. यो निर्देशिकाको संशोधन, थपघट वा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**अनुसूची १**

**<u>शैक्षिक ऋण मागका लागि दिइने निवेदन</u>**

**श्री वडा अध्यक्षज्यू,**
**भूमे गाउँपालिका**
**——— नं. वडा कार्यालय**
**————————.. ।**

**<u>विषयः शैक्षिक ऋणका लागि सिफारिस पाऊँ ।</u>**

महोदय,

भूमे गाउँपालिका वडा नं. —., ————.—.. मा स्थायी बसोबास गर्ने श्री ——————.. का नाति/नातिनी श्री —————————. का छोरा/छोरी/बुहारी म —————————. ले —————— तह उतीर्ण गरी ——————————————. कलेज/संस्थाको ————.. तहमा अध्ययन गर्न इच्छुक भएको तर आर्थिक अवस्था कमजोर भएकोले भूमे गाउँपालिकाबाट गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उपलब्ध गराइने शैक्षिक ऋणका लागि सिफारिस गरिदिनु हुन आवश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु । कानून बमोजिमको शर्त मान्न मञ्जुर छु ।

<u>संलग्न कागजातहरु:</u>

१) अघिल्लो तहसम्मको शैक्षिक प्रमाणपत्रहरुको सक्कल प्रति थान —..
२) नेपाली नागरिकताको प्रमाणपत्र/नाबालक परिचयपत्रको प्रतिलिपी थान —.
३) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी थान —..
४) परिवारका सबै सदस्यहरुको विवरण खुल्ने नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी थान —
५) अभिभावकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी थान –..
६) सम्पत्ति/मालपोत कर तिरेको रसिदको प्रतिलिपी थान —
७) अन्य आवश्यक कागजातहरु ————————

निवेदकको दस्तखतः

निवेदकको नाम, थरः

निवेदकको स्थायी ठेगानाः

अनुसूची २

<u>शैक्षिक ऋण मागका लागि प्राप्त निवेदन उपर गरिने सिफारिस</u>

**श्री गाउँपालिका अध्यक्षज्यू,**
**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश नेपाल ।**

<u>विषयः शैक्षिक ऋणका लागि सिफारिस गरिएको ।</u>

भूमे गाउँपालिका वडा नं. —., ————.—.. मा स्थायी बसोबास गर्ने श्री ——————.. का नाति/नातिनी श्री ———————————. का छोरा/छोरी/बुहारी श्री ———————————. ले —————— तह उतीर्ण गरी ———————————————. कलेज/संस्थाको ————.. तहमा अध्ययन गर्न इच्छुक भएको तर आर्थिक अवस्था कमजोर भएकोले भूमे गाउँपालिकाबाट गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उपलब्ध गराइने शैक्षिक ऋणका लागि सिफारिस गरिपाउँ भनी दिनुभएको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निजको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकाले नियमानुसार शैक्षिक ऋण उपलब्ध गराउन आवश्यक कागजातहरु यसै पत्रसाथ संलग्न गरी सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

<u>संलग्न कागजातहरुः</u>

८) अघिल्लो तहसम्मको शैक्षिक प्रमाणपत्रहरुको सक्कल प्रति थान —..
९) नेपाली नागरिकताको प्रमाणपत्र/नाबालक परिचयपत्रको प्रतिलिपी थान —.
१०) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी थान —..
११) परिवारका सबै सदस्यहरुको विवरण खुल्ने नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी थान —
१२) अभिभावकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी थान –..
१३) सम्पत्ति/मालपोत कर तिरेको रसिदको प्रतिलिपी थान —
१४) अन्य आवश्यक कागजातहरु ————————

————————

वडा सदस्यको नाम

————————

वडा अध्यक्षको नाम